नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

धनकुटा

आ.व.:- २०७९/०८०

च.नं. २६८९

मितिः- २०८०/०३/११

विषयः- नागरिकताको सिफारिस सम्बन्धमा।

श्री स्थानीय तह सबै,
धनकुटा।

प्रस्तुत विषयमा नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ मिति २०८०/०२/१७ को राजपत्रमा प्रकाशित भई हाल कार्यान्वयन गर्ने सन्दर्भमा प्रचलित कानून, नेपाल नागरिकता ऐन, नेपाल नागरिकता नियमावली (संशोधन सहित) बमोजिमको आवश्यक प्रक्रिया पुर्याई सिफारिस गर्ने व्यवस्था हुन अनुरोध छ। साथै, जन्मका आधारमा नागरिकता लिएका नागरिकका सन्तानलाई वंशजको नेपाली नागरिकता प्रमाणपत्रका लागि सिफारिस गर्दा आवेदकको बाबु र आमा नेपाली नागरिक भएको र निजहरु निरन्तर नेपाल सरहद भित्र बसोबास गरेको एकिन गरी देहाए बमोजिमको कागजात/प्रमाणपत्रहरुका संलग्न राखी अनुसूची फारम सहित सिफारिस गरी पठाउने व्यवस्था मिलाउन सबै वडाहरुलाई तुरुन्त परिपत्र समेत गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

निम्नः

१. रु १० को हुलाक टिकट सहित वडाध्यक्षको सिफारिस सहितको अनुसूची १ फारम।
२. बाबु र आमा दुबैको सक्कल नेपाली नागरिकताको प्रमाण पत्र।
३. सक्कल जन्मदर्ता प्रमाणपत्र (जन्म मिति र जन्मस्थान खुल्ने)।
४. शैक्षिक प्रमाण पत्र (विदेशी मुलुकबाट अध्ययन गरेको भए नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट व्यक्तिको नाममा गरि दिएको समकक्षता निर्धारण।
५. बाबु, आमा र सन्तानको फोटो सहितको नाता प्रमाणित।
६. स्थायी बसोबास खुल्ने कागजात (एका सगोल परिवारको नाममा भएको जग्गाधनी दर्ता प्रमाण पुर्जा, नक्सा पास, मतदाता परिचयपत्र, स्थायी लेखा नम्बर पानी तथा बिजुलीको विल, २०६३ को टोलीमा नावालक दर्ता गरेको भए सो को निस्सा आदि)
७. बसाई सराई आएको हकमा बसाई सराई दर्ता प्रमाण पत्र।
८. निवेदकको आमाको नागरिकतामा बाबुको नाम उल्लेख नभएमा विवाह दर्ता प्रमाण पत्र।
९. बाबु/आमाको मृत्यु भएको हकमा मृत्यु दर्ता प्रमाण पत्र।
१०. स्थानीय तहले नेपालमा नै जन्म भई निरन्तर बसोबास गरेको भनि गरिदिएको स्थायी बसोबास प्रमाणित।

नोटः- यस कार्यालयबाट आवश्यकता अनुसार थप प्रमाण र प्रहरी सर्जमिन गरी बुझन सकिनेछ।

२०८०।३।११

सहायक प्रमुख जिल्ला अधिकारी

"व्यवसायिक र सृजनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

फोन नं.: ०२६-५२२१३१, ०२६-५२२१३२ daodhankuta@gmail.com,
Web-www.daodhankuta.moha.gov.np